Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# समकालीन भारतेली नेपाली साहित्य : गति र प्रवृत्ति

सम्पादक

रुद्र बराल

असम नेपाली साहित्य सभा

Dr. Minakshi Chakraborty

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# समकालीन भारतेली नेपाली साहित्य : गति र प्रवृत्ति

सम्पादक :

रुद्र बराल

सहयोगी सम्पादक :

डिल्लीराम खनाल

खड्गबहादुर कौशिक

ढाकाराम काफ्ले

असम नेपाली साहित्य सभा

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

**Samakalin Bharateli Nepali Sahitya : Gati ra Prabritti** A collection of seminar papers presented in National Level Seminar held at Tezpur and edited by Rudra Baral and published by Madan Thapa on behalf of Asam Nepali Sahitya Sabha.

Price: 350/-

# समकालीन
# भारतेली नेपाली साहित्य : गति र प्रवृत्ति

ISBN : 978-93-88593-29-8

प्रकाशक :
असम नेपाली साहित्य सभा

सम्पादक :
रुद्र बराल
मो. 91014-28374, 8876820210

सम्पादन सहयोगी :
डिल्लीराम खनाल
खड्गबहादुर कौशिक
ढाकाराम काफ्ले

प्रथम प्रकाश :
फेब्रुएरी, २०१९

आवरण :
सञ्जीव बरा

मोल : रु. ३५०/-(संस्थागत रु. ४५०/-)

**Purbayon Publication**
Satmile, Near Gauhati University
Guwahati, Assam, India
Email-purbayonindia21@gmail.com
Website : www.purbayonpublication.com
Contact No. +91- 9864422157

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# विषयसूची

समकालीन भारतेली नेपाली कविताका प्रवृत्ति /११

✍ कबीर बस्नेत

पूर्वोत्तर भारतका समकालीन नेपाली कविताका प्रवृत्तिहरू /३२

✍ डा. इन्दु प्रभा देवी

समकालीन भारतीय नेपाली गीत गजलका प्रवृत्तिहरू /५२

✍ सरिता समदर्शी

समकालीन भारतेली नेपाली कथाका प्रवृत्ति /६५

✍ डा.राजकुमार छेत्री

असमेली नेपाली कथा : एक सर्वेक्षण /७९

✍ डा. शान्ति थापा

भारतेली नेपाली उपन्यासका प्रमुख प्रवृत्ति र धाराहरू : सर्वेक्षणात्मक अध्ययन /९३

✍ दीपक तिवारी

पूर्वोत्तर भारतका नेपाली उपन्यासका प्रवृत्ति /११०

✍ डा. टेकनारायण उपाध्याय

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

भारतीय नेपाली नाटकका समकालीन प्रवृत्तिहरू /१२७

✍ योगेश खाती

भारतेली नेपाली एकाङ्कीका समकालीन प्रवृत्ति /१४८

✍ पूर्णकुमार शर्मा

भारतीय नेपाली निबन्धका समकालीन प्रवृत्ति /१५८

(सन्दर्भ दार्जिलिङ सिक्किम र डुवर्स)

✍ वासुदेव पुलामी

पूर्वोत्तर भारतको नेपाली निबन्धका समकालीन प्रवृत्ति /१७३

✍ डा० खेमराज नेपाल

भारतेली नेपाली नियात्रा : समकालीन प्रवृत्ति विश्लेषण /१९३

✍ डा. गोमा देवी शर्मा

भारतमा नेपाली समालोचना : समसामयिक अध्ययन /२०४

✍ नवीन पौड्याल

समकालीन भारतेली नेपाली अनुवाद साहित्य /२२६

✍ ज्ञानबहादुर छेत्री

भारतेली नेपाली बालसाहित्यमा समकालीन प्रवृत्तिहरू /२३४

✍ मुक्तिप्रसाद उपाध्याय

समकालीन भारतेली नेपाली पत्रकारिता /२५२

✍ रूपेश शर्मा

भारतमा नेपाली भाषा साहित्यको विकासार्थ-थप पहल /२६७

✍ डा. खगेन शर्मा

Scanned with CamScanner

Chakrabarty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# समकालीन भारतीय नेपाली गीत गजलका प्रवृत्तिहरू

✍ सरिता समदर्शी
शोधार्थी, उत्तर बङ्ग विश्वविद्यालय

समकालीनताको तात्पर्य के हो भन्नेबारे जति पनि मत- मतान्तर, धारणा र मान्यताहरू प्रकाशमा आएका छन् ती सबै आफैमा विषम रहेका पाइन्छन्। एकातिर समकालीनता भन्नाले समयलाई बुझाइरहेको पाइन्छ भने अर्कातिर तत्कालीन समयमा सृजना भएका रचनाले समेटेको दूरगामी प्रभाव र युगीन अवस्थालाई पनि बुझाइरहेको हुन्छ। "उमेर मिल्दो, जोडा मिल्दो, एकै समयको, दौतरी, समवयस्क, समसामयिक" भन्ने कोशीय अर्थका आधारमा समकालीन शब्दले सामान्यतया एकै समय काल वा बेलाको भन्ने अर्थ बुझाए पनि साहित्यमा यस शब्दले अहिलेको वा तात्कालिक वा आजको भन्ने बुझाउँछ। समकालीनतालाई परिभाषित गर्दै मोहनराज शर्माले भनेका छन् "समकालीनता वास्तवमा अस्थिर एवम् परिवर्तनशील प्रवृत्ति र धारणा हो। यसको समय सीमित हुन्छ र यो एतत्कालीन हुन्छ। एतत्कालीन भएकोले समकालीनताको अस्तित्व वर्तमान मात्र हुन्छ।" यसरी नै इन्द्रबहादुर राईले साहित्यमा प्रयुक्त आधुनिकता र समकालीनतालाई समानार्थी धारणा हुन् भनेका छन्। राईले भनेका छन्- "समकालीनता र आधुनिकता

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

दुवै धारणाको वर्तमानप्रतिको सान्नेत्य सङ्केत लगाइएको छ.....दुवै यस गुणका सँगसँगैमा बोधक हुँदा समकालीनता र आधुनिकताको धारणालाई समानार्थी मान्दा बिजाई नहोला नै।" राईको समानार्थी अवधारणाका विपरीत मोहनराज शर्माले भनेका छन्- "समकालीनताको समय सीमित हुन्छ र यो आधुनिकताभन्दा भिन्न सन्दर्भ हो तापनि लेखनमा आधुनिक कालखण्डकै पछिल्लो लेखनको धारा प्रवृत्ति वा अवधारणाका रूपमा यसको अस्तित्व देखिन्छ।" अत: समकालीनता भन्नाले अस्थिर एवम् परिवर्तशील धारणा हो भनिए पनि यसले केही छोटो एवम् निश्चित कालखण्डलाई समेटेकै हुन्छ। प्रत्येक समयको आफ्नै समकालीनता हुन्छ। भानुभक्त, लेखनाथ, देवकोटाकालीन समयको आ-आफ्नै समकालीनता भएजस्तै आजका अथवा अहिलेका गीत गजलका पनि आफ्नै समकालीनता हुन्छ वा छ अनि भोलिका गीत-गजलको पनि आफ्नै समकालीनता हुनेछ। तसर्थ भारतेली समकालीन गीत-गजलका प्रवृत्ति विषयक यस सङ्गोष्ठीपत्रमा अध्ययन सुविधाका निम्ति समकालीन शब्दलाई अहिलेको अर्थमा ग्रहण गर्दै सन् २००० देखि हालसम्म प्रकाशित गीत एवम् गजलका सङ्ग्रहलाई अध्ययनको विषय बनाइएको छ।

## गजल : सामान्य परिचय

समकालीन साहित्यमा सर्वाधिक लोकप्रिय विधाका रूपमा गजललाई लिन सकिन्छ। प्रेमकेन्द्री रहेको काव्यात्मक प्रस्तुतिका रूपमा गजल लेखनले प्ररम्भिक यात्रा तय गरेको पाइन्छ तथापि समयको अन्तरालमा गजलले विधागत एवम् विषयगत आयामलाई फराकिलो पार्दै आफ्नै इतिहास र परम्परालाई निर्माण गरेर अघिबढेको पाइन्छ। अरबी माटोमा जन्मिएर फारसी, उर्दू, हिन्दी हुँदै विश्वका विभिन्न भाषामा लेखिँदै आएको गजलको आफ्नो छुट्टै स्वरूपगत ढाँचा रहेको पाइन्छ। नेपाली साहित्यमा गजललाई एक आयातित विधा मानिन्छ। अधिकांश आलोचकहरूले कविताकै एक उपविधाका रूपमा मात्र गजलको चर्चा गर्ने हुनाले आफ्नै मौलिक सिद्धान्त वा शास्त्र हुँदा हुँदै पनि आजपर्यन्त गजलले आफ्नो विधागत आस्तित्वको सङ्कटको सामना गर्न परिरहेको देखिन्छ। वाणी, नारी अनि सँग वा साथ भन्ने अर्थलाई वहन गर्ने अरबी मूलको क्रमश: ग,ज,ल शब्दको संयुक्त रूपबाट गजल शब्दको व्युत्पत्ति भएको मानिन्छ। व्युत्पत्तिगत अर्थका आधारमा गजल भन्नाले स्त्री वा नारीसँग गरिने वार्तालाप औ नारीसँग सम्बद्ध वाणी बुझिन्छ। समयक्रममा अर्थ विस्तार भएर

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

गजल नारीसँगको वार्तालाप मात्र नभएर दुख-सुख, प्रेमप्राप्ति, मानव मनका यावत् भावहरू अभिव्यक्त गर्ने सशक्त माध्यम बन्न पुगेको पाइन्छ। गजलको परिभाषा, व्युत्पत्ति आदिबारे विद्वानहरूका आ-आफ्नै फरक मत रहेको भए पनि गजलको बाह्य अङ्ग जसले गजललाई गजलझैं अर्थात् अन्य विधाबाट फरक देखाउँछ सोबारे भने मतैक्य रहेको पाइन्छ। गजल निश्चित संरचना भएको एक गेयात्मक, साङ्गीतिक चेतयुक्त काव्य विधा हो यसको संरचना निर्माणमा निम्न अङ्गहरू अनिवार्य हुन्छन्-

शेर- गजलमा रहने दुई-दुई पङ्क्ति वा अनुच्छेद

मतला- गजलको पहिलो शेर

मकता- गजलको अन्तिम शेर

मिसरा- शेरमा रहने प्रत्येक पङ्क्ति

मिसरा ए उला- मिसराको अघिल्लो वा माथिल्लो पङ्क्ति

मिसरा ए सानी- मिसराको दोस्रो वा तल्लो पङ्क्ति

मतला ए उला- मतलाको अघिल्लो पङ्क्ति

मतला ए सानी- मतलाको पछिल्लो पङ्क्ति

काफिया- पूर्वान्त्यानुप्रास (एकाक्षरी, पूर्ण, आंशिक, आदि)

रदीफ- काफियाको पछिल्तिर रहने तुकान्त शब्द

बहर- गजलमा प्रयोग गरिने छन्द

तखल्लुस- गजलको मकतामा विशेष सन्दर्भसहित प्रयुक्त गजलकारको नाम वा उपनाम आदि।

गजलमा उल्लिखित बाह्य संरचनाका साथमा आन्तरिक संरचनाको पनि कुशल निर्वाह हुन आवश्यक छ। "उर्दूका प्रसिद्ध महाकवि गालिबले इबारत (भाव र सार तत्व ), इसारत(बिम्ब, प्रतीक वा सङ्केत ) र अदा(शिल्प र कला)लाई आन्तरिक शक्ति मानेका छन्। वस्तु जगतका विधानद्वारा निर्मित अनि प्रभावित अनुभूति, चेतना मूल्यदृष्टिको प्रभावकारी प्रस्तुतिले गजलमा भाव गाम्भीर्य प्रदान गर्दछ।

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

## भारतमा नेपाली गजल लेखन परम्परा : संक्षिप्त अध्ययन

मोतीराम भट्टले आफ्ना अध्ययनक्रममा बनारस रहँदा नेपाली गजल लेख्न सुरु गरेको कुरा निर्विवादरूपमा उल्लेख गरिन्छ। भारतमा नेपाली गजल लेखनको चर्चा गर्दा गोर्खे खबर कागतमा सन् १९१६ मा प्रकाशित पारसमणि प्रधानको गजल शीर्षक रचना पनि उल्लेखयोग्य ठहर्छ। मोतीराम भट्ट आफ्ना अध्ययनकालमा मात्र भारत बसेको अनि उनका गजलहरू नेपालमा नै अधिक चर्चा भएको पाइन्छ। यस अर्थमा पारसमणि प्रधानको गजल शीर्षक रचनाबाट नै भारतीय नेपाली गजलको चर्चा गर्नु वाञ्छनीय देखिन्छ। प्रधानको गजल शीर्षक रचनालाई गजलकै कसीबाट विश्लेषण गर्दा के कसो देखिन्छ त्यो अध्ययनको छुट्टै पाटो हो। यद्यपि प्रधानबाट सुरु भएर नेपाली गजल लेखनले सन् २००१ पछि पुस्तकाकार ग्रहण गर्दै पछिल्लो समयमा तीव्र गति लिएको देखिन्छ। भारतमा सन् १९१६ मा प्रधानद्वारा गजल लेखन प्रारम्भ भएको मानिए पनि सो गजलले गजलगत नियमको प्राथमिक प्रारूपसमेत पुरा नगरेको पाइन्छ तथापि गजल लेखनको पृष्ठभूमि तयार गर्ने काम प्रधानबाटै भएको कुरामा दुईमत देखिन्न। सन् १९३८ मा पश्चिमाञ्चलका बहादुरसिंह बराल र उनका साथीहरूको रचना समेटिएको पुस्तक *बरालको आँशु* प्रकाशित भएको पाइन्छ। *बरालको आँशुमा* गीत एवम् गजलको समावेश रहेको पाइन्छ। नीति उपदेशात्मक एवम् जातीय जागरणका भावहरू रहेका ती गजलहरूमा काफियाको निर्वाह पनि राम्रैसँग भएको पाइन्छ। गङ्गावती, पवित्र देवी, मित्रसेन आदिले पनि तिनताक छिटपुट गजल लेखेको पाइन्छ। त्यसपछिको अर्द्धशतकभन्दा बढी समय नेपाली गजल लेखनको स्थिति शून्यप्रायः देखिन्छ। ९०को दशकमा सिलगढीबाट प्रकाशित *सुनचरी* पत्रिकाको नियमित स्तम्भ *गीत-गजल*मार्फत् भने धेरै रचनाहरू प्रकाशित भएको पाइन्छ तर ती रचनाहरू प्रायः नै गीत-गजलका माझ रहेर लेखिएका भेटिन्छन्। गजलको शास्त्रीय नियमबारे अनभिज्ञता र गीतिचेतनाको प्राचूर्यले गर्दा ती पत्र-पत्रिकामा प्रकाशित रचनालाई निश्चित विधामा समेट्न गारो हुने कुरालाई नकार्न सकिन्न। भारतमा सचेतरूपमा गजलको नियमलाई अवलम्बन गर्दै नेपाली गजल लेख्नथालेको धेरै भएको छैन। सन् २००१ मा सञ्जीव छेत्री अनि सन्तोष गुप्ताकृत गीत एवम् गजलको संयुक्त सङ्ग्रह प्रकाशित भएपछि गजल दीवान (गजलको पुस्तक) प्रकाशन मात्र होइन तर लेखनमा नै तीव्रता आएको पाइन्छ। सन् २०००देखि हालसम्म भारतमा ५० भन्दा अधिक पुस्तक प्रकाशित भइसकेका छन्।

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

गीत शब्दार्थ र परिचय :

गीत मानिसको अनुभूतिलाई अभिव्यक्त गर्ने सबैभन्दा सशक्त माध्यम हो। स्वअनुभूतिलाई प्रधानता दिने र सुख-दुखलाई सँगै समेट्ने गीतको आफ्नै इतिहास एवम् परम्परा रहेको छ। पूर्वीय अनि पाश्चात्य साहित्य जगतमा कविता, नाटक, कथा, निबन्ध आदि विधाझैँ गीतले वर्तमानमा एक स्वतन्त्र विधाको अस्तित्व प्राप्त गरिसकेको भए पनि पूर्वमा यसलाई काव्यको भेद समीप राखेर नै हेर्ने गरिएको छ। गीत शब्दको सामान्य अर्थ गाइएको वा गाउन मिल्ने लयबद्ध रचना भन्ने हुन्छ। गान, भजन, गाएको, कीर्तित तथा सुललित पदरचना (सम्पा. चापागाईं, वि.सं.२०६२) अथवा गाउनका लागि रचिएको लयात्मक तथा सुललित पदरचना (सम्पा. अधिकारी, वि.सं. २०६४) का रूपमा गीतले कोशीय अर्थ प्राप्त गरेको छ। संस्कृतमा भने घोषणा गरिएको वा बताइएको भन्ने अर्थमा गीतलाई प्रयोग गरिएको पाइन्छ (एटम, वि.सं.२०६४)। अङ्ग्रेजीमा ग्रीसेली भाषाको *लुरिकोस* शब्दबाट विकसित *लिरिक्स* वा *लिरिक* साथै *सङ* शब्दहरू गीत शब्दका समानार्थी प्रचलित पाइन्छन्। फ्रेन्चको *लिरिक*, ल्याटिनको *लिरिक्स* तथा ग्रीसको *लुरिकोस्*बाट व्युत्पन्न *लिरिक* शब्दको शाब्दिक अर्थ प्राचीन ग्रीसमा विणाजस्तै लायर नामक वाद्ययन्त्रद्वारा नि:सृत सङ्गीतका साथ गाइने गीत भन्ने रहेको छ र अद्यावधि गेयात्मक कविता वा गीतका लागि *लिरिक* शब्दको प्रयोग भइरहेको छ (बराल,वि.सं. २०६०)। अझ गाउन तयार पारिएको रचना र गाइसकिएको सङ्गीतबद्ध रचनालाई क्रमश: छुट्टाछुट्टैरूपमा *लिरिक* र *लिरिक्स* शब्दले बुझाएको पनि पाइन्छ। अत: यो पत्र गाउनलाई तयार गीत अर्थात् *लिरिक*मा केन्द्रित रहनेछ।

भारतमा नेपाली गीत लेखन परम्परा : संक्षिप्त अध्ययन :

पूर्वमा वैदिक युगदेखि गीतिलेखन परम्पराको थालनी भएको मानिन्छ भने अज्ञात रचनाकार रहेका विभिन्न लोकभाकाका गीतहरू भजन, सवाई, लहरीजस्ता गेयात्मक गुणयुक्त काव्य आदिलाई पृष्ठभूमिमा राखेर नेपाली गीतलेखन परम्परा अघि बढेको पाइन्छ। सङ्गृहितरूपमा सन् १९००तिर प्रकाशित हाजीरमान राईको *मीठा मीठा नेपाली गीत*लाई नै निर्विवादरूपमा भारतबाट प्रकाशित प्रथम गीत सङ्ग्रह मानिँदै आएको छ। प्रथम नेपाली गीत सङ्ग्रह मानिएको *मीठा मीठा नेपाली गीत* प्रकाशित गर्ने क्षेत्र दार्जीलिङ र सङ्ख्यात्मक एवम् राजनैतिक

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

दृष्टिकोणले नेपालीहरूका निम्ति [illegible] रहेको [illegible] जे जति गीत सङ्ग्रह प्रकाशित भएका छन् त्यसमध्ये [illegible] पार गरेको गीतयात्राको सङ्ख्या हिसाबमा अत्यन्त न्यून देखा पर्दछ। [illegible] अथवा पूर्वोत्तर क्षेत्रमा स्वतन्त्रतापूर्वको शून्यप्राय [illegible] तुलनामा स्वतन्त्रोत्तरकालमा परिमाणात्मकरूपमा अझ बढी गीत सङ्ग्रह प्रकाशित पाइन्छन्। पश्चिमाञ्चल क्षेत्र भने गीत लेखन र प्रकाशनको क्षेत्रमा स्वतन्त्रतापूर्वको तुलनामा स्वतन्त्रोत्तरकालमा शून्य देखापर्दछ। सन् २००० देखि हालसम्म भारतमा ४० अधिक पुस्तक प्रकाशित भइसकेका छन्।

## भारतेली नेपाली समकालीन गीत गजलका प्रवृत्तिहरू :

वस्तवमा गीत र गजललाई एकै शीर्षकमा राखेर अध्ययन गर्न अत्यन्त चुनौतीपूर्ण रहेको छ। आज भारतमा जसरी नेपाली गीत र गजल लेखनमा तीव्रता आएको छ त्यसलाई हेर्ने हो भने अब यी दुवै गीत र गजललाई छुट्टा-छुट्टै अध्ययन गर्ने सामग्री हामीसँग पर्याप्त भइसकेको छ। दुवै विधालाई एकै ठाउँमा मुछ्नुको साटो यसको आस्तित्विक रेखाङ्कन कोर्नमा लागिपर्ने हो भने तिनले आ-आफ्ना मूल्यगत मान्यता प्राप्त गर्नेछन्। किनकी जहाँ गजलको व्युत्पत्ति अरबीबाट फारसी, हिन्दी हुँदै नेपालीमा भित्रिएको हो त्यही गीत नेपाली भूमीमा आफ्नै परम्परामा हुर्किएको छुट्टै इतिहास छ। यद्यपि यी दुवैमा समानता नपाइने होइन। सूक्ष्म भेद रहेका यी दुई विधाका समकालीन प्रवृत्तिहरू धेरै मिल्दाजुल्दा समेत पाइन्छन् अतः यी दुई विधाका प्रवृत्तिबारे चर्चा गर्दा धेरै बुँदाहरूमा साझा प्रवृत्ति पनि देखा पर्दछन्। वर्तमानमा भारतेली नेपाली गीत गजलमा के कस्ता मूल्य मान्यता, धारणा, दृष्टिकोण, विचार, चेतना, घटनाहरू व्यक्त भएका छन् अनि शैलीशिल्पगत के कस्ता अभिलक्षणहरूले गीत अनि गजलको समकालीनतालाई निर्धारण गरिरहेका छन् सो विषयमा केन्द्रित रहदाँ सन् २००० देखि हालसम्म पुस्तकाकाररूपमा प्रकाशित भइसकेका गीत-गजलहरू निश्चय पनि तत्कालीन सामाजिक गतिविधि, आर्थिक परिस्थिति, राजनैतिक परिवेश, शिक्षानीति आदिद्वारा प्रत्यक्ष, परोक्षरूपमा प्रभावित रहेको पाइएका छन्। पारम्परिक सैद्धान्तिक मान्यतालाई आत्मसात गर्दै कता कता अवमूल्यन पनि गर्दै यिनै प्रभावी परिधिभित्र बाँधएर लेखिएका भारतेली नेपाली गीत अनि गजलका समकालीन प्रवृत्तिहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

वर्तमानमा गेय गजलको तुलनामा पाठ्य गजल अधिक लेखिन्छन्। कोमल पद-पदावलीको प्रयोग हुनुपर्छ भन्ने प्रारम्भिक मान्यताविपरीत पाठ्य गजलमा कठोर शब्दहरूको पनि बाहुल्यता पाइन्छ। विषयको परिधि प्रेममा मात्र सिमीत नरहनु नै पाठ्य गजल लेखनमा वृद्धि हुनुको कारक मान्न सकिन्छ। श्रुतिमाधुर्य गजलमा हुनपर्ने एउटा मुख्य गुण हुँदाहुँदै पनि पाठ्य गजलहरूमा यसतर्फ उति ध्यान दिइएको पाइँदैन।

एक एक गर्दै मानवता मरिसकेका यस युगका

साँच्चै भूगोल अनि हिस्ट्रीले परिवर्तन खोज्दैछ। (सुवास श्रेष्ठ- बदनाम आँखाहरू)

कसले भन्दैछ मेरो मातृभूमि छैन भनेर ?

जसको छैन उसैले पो राशनकार्ड किन्न थालेको छ (गोविन्देका गजल- गोविन्दे)

यसरि नै समकालीन गीतहरूमा पनि सन्दर्भअनुसार कोड मिश्रण गरिएको प्रशस्तै पाइन्छन्।

कहिले काहीँ त डिस्कोथिकमा नाचूँ भन्छ मन

चिकन पास्ता बर्गर पिज्जा खाऊँ भन्छ मन (पुष्कर पराजुली- कहाँ पर्‍यो चौतारी)

समकालीन गजललेखनमा स्वरूपगत भिन्नता पाइन्छ। कम्तीमा पाँच शेर भएमा मात्र गजल हुने मान्यता रहे पनि पुस्तकाकाररूपमा प्रकाशित गजलहरूमा चार शेरका गजलहरू प्रशस्तै पाइएका छन्। वास्तवमा ती तीन र चार शेरका रचनाहरूलाई गजलको साटो नज्म, कसीदा भन्दा नै युक्तिसङ्गत देखिन्छ। पाँच, छ, सात शेरका मझौला आकारका गजल सङ्ख्या अधिक हुदाहुँदै पनि कतिपय गजलकारहरूले दस एघार शेरका गजलहरू पनि लेखेका छन्। नोर्जाङ स्याङ्देन, केवलचन्द्र लामा आदि गजलगोहरूले लामा गजल लेखेको पाइन्छ। यसरी नै तखल्लुस प्रयोगमा भने गजलगोहरू उति उत्साहित देखा पर्दैनन्। सुवास श्रेष्ठ, गोविन्दे, गोविन्द शाण्डिल्य आदिले छिटपुटरूपमा प्रयोग गरेका तखल्लुसहरू बहुअर्थी छन् भने अन्य धेरैले प्रयोग गरेका तखल्लुस केवल नाममा मात्र सीमित रहेको पाइन्छ।

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

प्रेम प्रणय, स्त्रीलिङ्गको कुरकानी, यौवनशक्तिको प्रशंसा, आकर्षण, संयोग, वियोग, शाश्वत र नैसर्गिक कुरा भएका कारण गजलमा यिनकै प्रतिध्वनि आज पनि पाइन्छ। समकालीन नेपाली गजलमा प्रेमका अनुभूति सरल सूक्ष्मता र मार्मिकतापूर्ण रहेको पाइन्छ भने त्यस्ता गजलहरू सङ्गीन चेतनाका दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ। तथापि शाश्वत प्रेमको नाममा अधिक प्रेमलाई प्रधानता दिँदै सस्तो प्रकारले स्त्री अङ्गको बयान गर्नु र कतैकतै अश्लील प्रचारबाजी मात्र गरिएको पाइनाले गर्दा बौद्धिक जमातले गजललाई अक्सर लहड मात्र मानिलिने गरेको पाइन्छ र साधारण जनमानसमा पनि गजलप्रतिको विराग बढ्दो देखिन्छ।

मूलत: स्वच्छन्दवादबाट प्रभावित र प्रेरित समकालिन गीतहरूमा स्वाभाविकरूपमा एकातिर संयोगको सुखद अनुभूति अभिव्यक्त भएको पाइन्छ भने अर्कातिर विरहको दुखद अनुभव पनि। प्रेमको प्राप्ति र विरहको वेदना अनि हर्ष र उल्लासमय भावहरूलाई संयोजन गरेर श्रृङ्गारी भावका गीत गजलहरू प्रस्तुत भएका पाइन्छन्। समकालीन गीतहरूमा प्राकृतिक सत्यलाई अभिप्रायको रूपमा व्यक्त गरिएको हुन्छ। जीवन अथवा वैंस चीरस्थायी नरहने कुरा पटक-पटक गीतहरूमा दोहोरिरहेको पाइन्छ। आँसु, पिर, व्यथासमेत रहेको यो धरती मायाकै कारण स्वर्ग बन्दछ भन्नेर कुरालाई गीतले दोहोऱ्याउँदै आएका छन्। जीवननै आशामा अल्झिएको छ भन्ने आशावादी स्वर पनि आजका गीतहरूमा पाउन सकिन्छ। मौसम अनुकूल भएर कहिले रूमानी बन्ने र कहिले प्रतिकूल मौसमसँग विचलित बनेका भावहरू नै प्राय: श्रृङ्गारी गीत-गजलमा व्यञ्जित पाइन्छन्। समकालीन गीत-गजलमा जीवनसम्बन्धी मूलत: जीवनको क्षणभङ्गुरता अभिप्रायको रूपमा प्रस्तुत भएको पाइन्छ भने आँसु, सपना, सम्झना आदि पनि जीवन भोगाइकै परिधिभित्र अँटाएका छन्। स्वर्ग, आकाश, धरती आदि प्रकृतिसँग सम्बन्धित अभिप्रायहरू हुन् भने वैशाख, साउन, वसन्त आदि मौसमसूचक शब्दहरू पनि विशेष सन्दर्भमा प्राकृतिक अभिप्रायकै रूपमा प्रस्तुत भएका छन्। प्रेमसम्बन्धी अभिप्रायहरूमा जीवन, कल्पना, मायालुको मुस्कान, निठुरी आफन्त आदि रहेका छन्। समकालीन गीत-गजलहरूमा दोहोरिएर कतिपय वाचक शब्द अभिप्रायसूचक शब्द बनेका छन् जसमा जोवन, चोला, स्वर्ग, धरतीजस्ता शब्दहरू पर्दछन् । लाहुरे दाइ, गोठाला दाज्यैजस्ता अभिप्रायात्मक सम्बोधनले विशेष जाति, सिप र स्थानलाई प्रतिनिधित्व गर्न सकेको छ भन्न सकिन्छ।

प्रकृतिलाई मानव जीवनको सहचरी मानिन्छ। प्राचीनकाल [illegible] र प्रकृति र मानवबीचको गहिरो सम्बन्ध रहिआएको छ। जुनै पनि स्थानमा प्रकृतिको सूक्ष्म, यथार्थव्यञ्जक, मानवीकृत वा मानवीयरूपमा अभिव्यक्ति पाइन्छ। प्रकृतिको सहज, नैसर्गिक, अनौपचारिक र स्वतन्त्र चित्रणले रचनालाई थप हरियो सौन्दर्य प्रदान गर्नु स्वाभाविक हो। समकालीन गीत-गजलमा स्वाभाविकरूपमा प्राकृतिक चित्रण पाइए तापनि कतिपय गीत-गजल भने प्राकृतिक सम्पदा र प्राकृतिक मूल्य मान्यताको ह्रासप्रति चिन्ता व्यक्त गरेर लेखिएका छन्। पर्यावरण चेतना, परिवेश प्रदूषणप्रति कतिपय गीतकार एवम् गजलगोहरू साँच्चै सजग र सचेत भएर देखापरेका छन्।

उसले अब कुन जमिनमा टेक्ने, कहाँदेखि जरो खोज्ने

शहरले खाँदै जाँदैछ वनजंगल, खोलानाला, घरबारी ( जिन्दगी ए जिन्दगी- खुसेन्द्र राई)

रङ्गहीन भएर कतै अङ्गहीन भएर

पृथिवी चिच्च्याउँछ है मान्छेलाई गिज्याउँछ है (पुष्कर पराजुली- कहाँ पऱ्यो चौतारी)

वैश्विक गाउँको परिकल्पना समकालीन नेपाली गीत-गजलको पनि साझा परिकल्पना हो। विश्वका समसामायिक गतिविधिहरूतर्फ चासो राख्दै युगीन विश्ववोध गर्ने मात्र होइन विश्ववन्धुत्वको भावनासँगै विश्वशान्तिको कामना प्रत्यक्षरूपमा गरिएको पाइन्छ। मानवीय स्वतन्त्रता, समानता र मातृत्वलाई आत्मसात गर्दै मानवले मानवलाई मानवकै रूपमा हेर्नुपर्छ भने मानवतावादी चिन्तन पनि आजका गीत गजलमा टड्कारो भइआएको पाइन्छ।

मान्छेले मान्छेलाई मान्छे जस्तै सम्झिदिए

भगवान के मान्छेकै अघि झुकिदन्थे जिन्दगी (सुवास श्रेष्ठ, बदनाम आँखाहरू)

मान्छे थिए घरभित्र चुल्हो भित्र घर थिए

आज छुट्टिए कोठा कोठामा सबै एकै ठाउँमा थिए ( भविलाल लामिछाने- दुइटा जन्म/केही गजल)

बा आमालाई बिन्ति गर्छु छेउमै राख सन्तान

सुख खोज्न खुशी छाडी नहुनु है बिरान (कमल रेग्मी- हिउँको आगो)

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

समकालीन गीत–गजलमा टड्कारोरूपमा देखिने साझा प्रवृत्ति हो देशप्रेम र राष्ट्रभावना अनि जातीय जागरण र आस्तित्विक चेतना। समकालीन गीत–गजलमा राष्ट्रिय भावना अथवा देशप्रेम विविधरूपमा प्रकट भएको पाइन्छ। राष्ट्रिय भावनाले ओतप्रेत रहेका गीतमा कहीं देशको महिमा पाइन्छ कतै देशको नीतिमाथि आक्रोश, कतै जातिय जागरणको स्वर पाइन्छ भने कतै सुधारात्मक भाव समेत पाइन्छ। एकता, भाइचारा, जातीय जागृतिजस्ता तत्त्वले देशप्रति सकारात्मक विचारको वृद्धि गर्ने गर्छ। आलोच्य गीत–गजलहरूमा देशका निम्ति डटेर लड्ने आह्वानसँगै वीर वीराङ्गनाहरूप्रति श्रद्धाको फुल चढाइएका छन् भने हत्या हिंसा गर्न नहुने, जातपातको बन्धन तोड्नपर्ने, शान्तिको मन्त्र छर्नपर्ने सचेत आग्रह पनि प्रशस्तै पाइन्छन्। गीत–गजलभरि छरिएका यस्ता सकारात्मक विचार र तिनका प्रभावकारिता प्रशंसनीय देखा पर्दछन्। अस्तित्वको सङ्कट आलोच्य गीत–गजलहरूमा तीव्र पाइन्छन्। भारत बहुभाषिक र बहुजाति मिलेर बनेको देश भएको हुनाले यो देशको उन्नतिप्रति विभिन्न जातिहरूको योगदानलाई भुल्न नहुने देखिन्छ यद्यपि स्वतन्त्र भारतमा विशेष नेपाली अथवा गोर्खालीहरूले आफ्नै ठाउँमा पनि अस्तित्वको सङ्कट झेल्न परेको तितो यथार्थ छ। अतः यस भेगका गीत–गजलमा अस्तित्वबोध स्पष्ट देखा पर्दछ। भारतीय राष्ट्रियतालाई आफ्नो जन्मसिद्ध अधिकार हो, हाम्रो पनि देशप्रतिको योगदानमा इतिहास साक्षी छ, हामी पनि एकै देशका सन्तान हौं, हामीले संवैधानिक अधिकार पाउनुपर्छ, हामी हाम्रो अधिकार लिएरै छाड्छौं भन्ने अभिव्यक्तिहरू गीत–गजलमा प्रशस्तै पाइन्छन्। यस्ता अभिव्यक्तिहरू कतै आक्रोश बनेर पोखिएका छन् भने कतै असन्तुष्टि बनेर छाएका छन्। कतै अधिकारको पक्षमा वकालत छ भने कतै आफ्नै भाग्यप्रति शङ्का छ। नेपाली समुदायको सुरक्षाप्रति प्रश्न छ। सरकारको ध्यान पुग्न नसक्नु, सुनिश्चित सीमा नतोकिनु जस्ता कार्यप्रति असन्तुष्टि व्यक्त गर्ने अभिव्यक्तिले तर कतै पनि देशबाट अलग हुन खोजेको भन्ने सङ्केत देखाएको पाइन्न। बरू भारतभित्र नै आफ्नो अस्मिता अस्तित्वको निर्माण गरेर राष्ट्रहितको निम्ति अझ लगनले पाइला चाल्ने प्रण छ यी गीत–गजलहरूमा।

देशप्रेमले भरिएको छाती हेलाको घाउले दुख्ने गर्छ

गोर्खे छोरोलाई अन्याय हुँदा आमा आँफै यहाँ लुक्ने गर्छ। ( अनित खाती- पर्खाइको पीडा)

कि त मासौं चियाबारी बनाऊँ अरू खेतबारी

Scanned with CamScanner

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

लेखिएका गीत-गजलहरू उही अनुपातमा पाइन्छन् तथापि गीतकार र गजलगोहरूको सौन्दर्य दृष्टि नारीमा मात्र केन्द्रित भने पाइँदैन। अखिल मनुष्यता, विश्वबन्धुत्व, आफ्नै देशको अभिशप्त समाज, लोकपरिवेश तथा तिनमा व्याप्त प्रकृतिमा समेत फैलिएको  सौन्दर्य चेत फैलिएको पाइन्छ।

आखिर मनले नाता जोडेपछि

माया गर्नलाई जात चाहिंदैन (छुदेन काविमो- केही घाउ केही मलम)

यी नारीको हातमा कतै सह छ कि

घरको चूला चौका छोडी गाउन दिनुपर्छ।

सधैंभरी घरको धन्दा कति सघाइ राखु

अब अलि खुलेआमले आउन दिनुपर्छ। (अस्तित्वका आवाजहरू असीम सागर)

विद्वानहरूले पूर्व पश्चिम दुवैतिरका गीतहरूमा आख्यानात्मकता पाइँदैन भनेका छन्। डा. कृष्णहरि बरालले पनि आफ्नो गीत सिद्धान्त र इतिहासमा संक्षिप्तता तथा आख्यानविहीनता हुनु गीतको विशेषता हो भनेका छन्। तर समकालीन गीतहरूमा आख्यानात्मक प्रस्तुति प्रशस्त मात्रामा पाइन्छ। एउटा गीतमा सिङ्गो आख्यान पाइनु आजका गीतको विशेषता मात्र सकिन्छ।

लोक भाकाका वा लोकलयका गीत आज पनि लेखिएको पाइन्छ। तर समकालीन गीतमा सासू-बुहारी सन्दर्भ चेली-माइती प्रसङ्ग भने प्रायः शून्य देखिन्छ। मूलतः जस योञ्जन प्यासी, कुबु संयमी, पुष्कर पराजुली आदिका कतिपय गीतहरू लोकलयमा आधारित पाइन्छन्।

कतिपय रचनाहरू गीत-गजलका मध्यमार्गी भएर पनि देखापरेका छन्। गीत एवम् गजल बराबर मात्रामा लेख्ने सर्जकका रचनाहरू अधिक मध्यमार्गी देखापरेका छन्। शैलेन्द्र समदर्शी, पुष्कर पराजुली, कमल रेग्मी, गोविन्द शाण्डिल्य, सुवास श्रेष्ठ, खुसेन्द्र राईका गीतहरू गजलबाट र गजलहरू गीतबाट प्रभावित रहेका पाइएका छन्। ती रचनाहरू गायनका दृष्टिले अब्बल पनि ठहरिन्छन्।

बालसुलभ सृजनाको छुट्टै औचित्य रहेको हुन्छ कतिपय गीतकारहरूले आफ्ना गीतसङ्ग्रहमा खण्ड विभाजन गरी बालगीतहरूलाई समेटेका छन्। कुबु

Scanned with CamScanner

Chakraborty
Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

संयमी, पुष्कर पराजुलीका बालसुलभ रचनाहरू अत्यन्त प्रभावी देखा पर्दछन् तथापि यी दुई स्रष्टाका बालगीतहरू भित्रै सङ्ग्रहमा प्रकाशित हुन आवश्यक देखिन्छन्। यसरी नै बालगजल लेखनले पनि पुस्तकाकार रूप ग्रहण गरिसकेको छ। नेत्र एटमको भनाइमा शेखर अस्तित्वकृत *सेतो हिमाल* (वि. स. २०६०) बाट बालगजलको पुस्तक प्रकाशन सुरु भएको हो। भारतमा चाहिँ शैलेन्द्र समदर्शीको *सुरुवात*लाई प्रथम बालगजल सङ्ग्रह मानिन्छ। यसरी नै सुवास श्रेष्ठका पनि दुई बालगजल सङ्ग्रह प्रकाशित भइसकेका छन्। बालगजल सङ्ग्रहमा काफिया रदिफहरूको निर्वाह भएका छन्। बालसुलभ रचनाहरूलाई लयात्मक मात्र बनाएर प्रस्तुत गर्ने हो भने बालगीतका रूपमा ती प्रभावी बन्न सक्छन् तर काफिया रदिफ लगायतका संरचनात्मक गणना बाल मष्तिष्कका निम्ति अतिरिक्त भार नहोला भन्न सकिन्न तसर्थ बालगजल र बालगीतलाई एकै प्रकारले बालगीतकै रूपमा प्रस्तुत गर्न सकिने कुरामा पनि मनन गर्नपर्ने देखिन्छ।

समकालीन गीत–गजलले विषयको परिधिलाई फराकिलो बनाएर विविध सन्दर्भहरू प्रस्तुत गरे पनि ती पूर्ण भइसकेका छैनन् किनकी ती सन्दर्भहरू जस्तै सत्ताको विरोध, पितृसत्तावादी समाजको विरोध आदि केवल एकोहोरोरूपमा मात्र प्रतिध्वनित भइरहेका पाइन्छन्। अधिकांश गीत–गजलमा सामाजिक समस्या, युगीन विकृतिलाई यथारूपमा टिप्ने काम मात्र भएको छ न कि ति समस्याको निराकरण र निकासप्रति ध्यान दिइएको छ कि वा समाधानको बाटोतर्फ इङ्गित गरिएको छ।

गीत र गजलका पुस्तकलाई आधार बनाई अध्ययन गर्ने क्रममा के पनि थाहा पाइन्छ भने दुवै गेयात्मक विधा हुन् यद्यपि समकालीन गीत–गजलहरू जो पुस्तकमा प्रकाशित छन् ती थोरै मात्र गाइएका छन्। यसर्थ गीतकार र गजलगोहरूले श्रुतिमाधुर्य र लयात्मकता जस्ता गुणको निर्वाहमा अझ मेहनत गर्नु पर्ने देखिन्छ। पाठ्य गीत–गजल सँगसँगै गेय गीत–गजलको लेखनमा पनि सचेत हुन आवश्यक देखिन्छ। शैलेन्द्र समदर्शी, दिवाकर प्रधान, नवीन पौड्याल, वासु थापा पुलामी, सुवास श्रेष्ठद्वारा समय समयमा गीत–गजललाई लिएर आलोचना गर्ने कार्य हुँदै आइरहेको छ। यसरी खै गर्ने कार्य उँहाहरूबाट भइरहे निश्चय पनि गीत–गजलले सही दिशा प्राप्त गर्नेछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ।

Scanned with CamScanner